**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं १६ गते मंगलबार ❑ 1 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## हिमालय क्षेत्रमा जलवायु परिवर्तनसँगै हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको छः प्रधानमन्त्री

**रासस**
काठमाडौं, १५ भदौं

प्रधानमन्त्री वालेन्द्र शाहले सरकार बाढी प्रभावितहरुको खोज, उद्धार, उपचार, राहत र नागरिकको सुरक्षित व्यवस्थापनमा दृढता तथा सक्रियताका साथ लागिरहेको बताउनुभएको छ।

सामाजिक सञ्जालमार्फत सोमबार प्रधानमन्त्री शाहले यस कार्यको अग्रपंक्तिमा रहेर आफ्नो ज्यानको समेत वास्ता नगरी प्रभावित क्षेत्रमा परिचालित सम्पूर्ण सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, मिडिया, विभिन्न निकायका पदाधिकारीहरुसँगै स्वयंसेवक संस्था तथा आमनागरिकको भूमिका कदरयोग्य र प्रशंसनीय रहेको उल्लेख गर्नुभएको छ।

"यस अवधिमा यहाँहरुले देखाउनुभएको धैर्य, साथ, सहयोग र समन्वयप्रति हार्दिक आभार व्यक्त गर्दछौं । विपद् व्यवस्थापनमा सङ्घीय सरकारलाई प्रदेश र स्थानीय सरकारले दिएको साथ तथा सहयोग निकै महत्वपूर्ण छ । साथै, हाम्रा मित्रराष्ट्रहरु, स्वदेशी र विदेशी सङ्घसंस्था, सञ्चारमाध्यम लगायतका सबै सरोकारवालाले देखाउनुभएको सदासयता र सहयोग अनुकरणीय छ", प्रधानमन्त्री शाहले भन्नुभएको छ।

प्रधानमन्त्री शाहले भोटेकोशी नदीमा गएको बाढी सामान्य नभएको उल्लेख गर्नुभएको छ। "हिमालय क्षेत्रमा हिउँ चट्टानको हिमपहिरोबाट सृजित यस क्षेत्रकै ठूलो विपत्ति हो। यस घटनाले हिमालय क्षेत्रमा जलवायु परिवर्तनसँगै हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको सङ्केत गरेको छ। त्यसैले यो क्षेत्र सतर्क हुनैपर्छ, सँगसँगै हामीले अन्तरराष्ट्रिय समुदायसमक्ष जलवायु परिवर्तनका कारण भोग्नु परेको विपद्को विषयबारे बलियो गरी उठान गर्नुपर्ने पनि समय आएको छ", उहाँले भन्नुभयो।

सरकार अहिले प्रभावित क्षेत्रमा अझै पनि खोज र उद्धारमा केन्द्रित छ । सँगसँगै प्रभावित क्षेत्रका नागरिकका लागि राहत सङ्कलन तथा वितरण पनि सरकारको प्राथमिकतामै छ । काठमाडौँलगायत देशका विभिन्न स्थानमा सङ्घसंस्था र आम नागरिकबाट प्राप्त राहत सामग्री सङ्कलन गरी प्रभावित नागरिक समक्ष पुर्याउने काम भइरहेको प्रधानमन्त्री शाहले बताउनुभयो।

यस कार्यमा अन्तरराष्ट्रिय जगतले पनि सघाइरहेको उल्लेख गर्दै प्रधानमन्त्री शाहले हालसम्म भारत, चीन, अमेरिका, युएई, कतार, जापान, स्वीट्जरल्याण्ड, अष्ट्रेलियालगायतमित्रराष्ट्रहरुबाट सहयोग प्राप्त भएको जानकारी दिनुभयो।

"हाम्रा सुरक्षाकर्मीले हवाई र सडकमार्गमार्फत प्रभावित क्षेत्र (रसुवा, नुवाकोट र धादिङ) का चार वटा सङ्कलन केन्द्र हुँदै रसुवा र नुवाकोट जिल्लाका २७ वटा वितरण केन्द्रमार्फत तीन हजार ६९६ जना प्रभावित नागरिकसम्म पुर्याइएको छ", उहाँले भन्नुभयो। साथै प्रदेश र स्थानीय सरकार पनि सङ्घीय सरकारसँगको समन्वयमा ती केन्द्रहरुमा आश्रय तथा राहत व्यवस्थापनमा सक्रियताका साथ जुटिरहेका रहेको प्रधानमन्त्री शाहको भनाइ छ। सरकारले राहत सङ्कलन र वितरणबारे राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकारणले निरन्तर जानकारी समेत गराइरहेका छ।

राहत सङ्कलन तथा वितरण कति प्रभावकारी भइरहेको छ भनेर हामीले हाम्रा सचिवालयका सदस्यहरु र कर्मचारीहरुलाई समेत प्रभावित क्षेत्रमै परिचालन गरिरहेकोसमेत उहाँले उल्लेख गर्नुभएको छ। प्रधानमन्त्री शाहले बाढीका कारण प्रभावित बनेको नुवाकोटको त्रिशूलीपारिको भू-भाग पुनःसडक सञ्जालमा जोडिएको बताउनुभएको छ । गल्छी-त्रिशूली राजमार्गअन्तर्गत त्रिशूली नदीको दायाँ किनार हुँदै कल्लेरीटार, कोशीखोला, पिपलटार, दर्शनटार, छत्रेखोला र गौरीबैंसी भएर त्रिशूली बजारसम्म पुग्ने सडक सञ्चालनमा ल्याइएको छ।

नुवाकोटका ठूलो सङ्ख्याका रहनुभएका नागरिकको सदरमुकामसँग पुनःसीधा सडक पहुँच स्थापित भएको प्रधानमन्त्री शाहको भनाइ छ । "यसबाट प्रभावित क्षेत्रहरूमा उद्धार, राहत सामग्री वितरण तथा अत्यावश्यक वस्तुको आपूर्तिमा थप सहज हुने भएको छ। रसुवा, नुवाकोटदेखि धादिङका अधिकांश स्थानका पुल भत्किएका छन् । यसले आवातजावतमा असर परेको छ। सरकारले ती क्षेत्रमा अस्थायी पुल निर्माणलाई प्राथमिकता दिएको छ। हामीसँग ४८ मिटर लम्बाइका ६ र ७० मिटरको एक थान बेलिब्रिज छ। अहिले तीन ठाउँ (देवीघाटको तादी नदी, त्रिशूली बजार र बेत्रावती बजार) मा बेलिब्रिज राख्ने विषयमा अध्ययन भइसकेको छ", प्रधानमन्त्री शाहले भन्नुभयो । साथै, भारत सरकारबाट २३० फिट सिङ्गल लेन मोडुलर स्टिल ब्रिज प्राप्त भएको छ। साथै, भारतले थप सात वटा बेलीब्रिज पठाउने प्रतिबद्धता जनाएको र चीन सरकारबाट ३० वटा बेलिब्रिज चाँडै प्राप्त हुने उहाँको भनाइ छ।

प्रधानमन्त्री शाहले प्रभावित क्षेत्रमा खोज र उद्धारसँगै सरकारले प्रभावित नागरिकलाई पुनःस्थापना कसरी गर्ने भन्नेबारे छलफलसमेत अघि बढाएको उल्लेख गर्नुभएको छ। त्यसका लागि स्थानीय सरकारसँगको समन्वयमा प्रभावित नागरिकको सङ्ख्या तथा भौतिक क्षतिको विवरण समेत संकलन सुरु भइसकेको उहाँको भनाइ छ।

"हजारौँ नागरिकले घर, परिवार, प्रियजन र जायजेथा गुमाउनुभएको छ । उहाँहरुले भोग्नुभएको यो पीडा सरकारले बुझ्केको छ । उहाँहरुको पीडामा मलहम लगाउँदै पुनःस्थापनामार्फत सामान्य जनजीवनमा पुर्‍याउनु अबको बाटो हो । उहाँहरुलाई मानसिक र शारीरिक रुपमा सशक्त बनाउँदै पुनःस्थापना गर्ने सरकार लाग्नेछ। पुनःस्थापनाका आवश्यक आर्थिक स्रोत जुटाउने क्रम जारी छ", प्रधानमन्त्री शाहले भन्नुभयो।

## मालवस्तु 'कन्टेनर' कोरलानाकातर्फ 'डाईभर्ट' हुँदै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १५ भदौं

रसुवागढी-केरुङतर्फबाट पैठारी गरिने मालवस्तु र कन्टेनर धमाधम मुस्ताङको कोरलानाकातर्फ 'डाईभर्ट'हुन थालेका छन्।

नेपाल-चीनबीचको (रसुवागढी–केरुङ) नाका विनासकारी बाढीका कारण पूर्ण रुपमा क्षति भएसँगै कोरलाना मार्फत् मालवस्तु र कन्टेनरहरु आउन थालेका हुन्। मुस्ताङको जोमसोमस्थित सशस्त्र प्रहरीको चेकपोष्टबाट आइतबार साँझ ६६ मालवाहक कन्टेनरको विवरण सङ्कलन गरिएको छ।

सशस्त्र प्रहरीको जोमसोम चेकपोस्टले रसुवागढी नाका पूर्ण रुपमा बन्द भएपछि कोरलानाकातर्फ मालवस्तु पैठारी गर्ने कन्टेनरको सङ्ख्या वृद्धि भइरहेको जनाएको छ । कोरलानाकातर्फ जाँदै गर्नुभएका कन्टेनर चालक कुमार देवकोटाका अनुसार रसुवागढी नाकाबाट पैठारी गरिने मालवस्तुहरु कोरलानाकातर्फ 'डाईभर्ट' भएकाले मालवस्तु ढुवानी गर्न कोरलातर्फ जाँदै गरेको जानकारी दिनुभयो । कोरलानाकालाई वैकल्पिक नाका रुपमा सरकारले सञ्चालनमा ल्याएपछि कोरलास्थित मुस्ताङ भन्सार कार्यालय आव २०८२/०८३ मा रु छ अर्ब ९२ करोड राजस्व सङ्कलन गरेको थियो। यसैगरी, चालु आवको पहिलो साउन महिनामा रु २९ करोड राजस्व सङ्कलन गरेको थियो । मुस्ताङ भन्सार कार्यालयमा हाल १८ जनाको दरबन्दी रहेपछि १२ जना मात्रै कर्मचारी कार्यरत रहेको मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालले जानकारी दिनुभयो।

## भोटेकोशी बाढीः ९३९ जनाको शव फेला, तीन हजार ९२५ अझै बेपत्ता

**रासस**
काठमाडौं, १५ भदौं

रसुवास्थित भोटेकोशी नदीमा यही भदौ १० गते आएको विनाशकारी बाढीमा परी सोमबार साँझसम्म ९३९ जनाको शव फेला परेको छ भने तीन हजार ९२५ जना अझै सम्पर्कविहीन रहेका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा, नवलपरासी पूर्व तथा पश्चिम, तनहुँ र चितवनलगायत जिल्ला प्रभावित भएका छन् । फेला परेका शवमध्ये रसुवामा २३, नुवाकोटमा ९५, धादिङमा ५५, गोरखामा ६५, नवलपरासी पूर्वमा २१६, नवलपरासी पश्चिममा १६८, तनहुँमा ३८ र चितवनमा २७९ जना रहेका प्राधिकरणले जनाएको छ । प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार बाढी प्रभावित क्षेत्रबाट सोमबार साँझसम्म ११ हजार ३७९ जनाको उद्धार गरिएको छ । उद्धारसँगै सम्पर्कविहीनको खोजी कार्यलाई तीव्र बनाइएको छ। नेपाली सेनाले मात्रै तीन हजार ४०४ नेपाली र २५३ विदेशी नागरिकको हवाई उद्धार गरेको छ। खोज तथा उद्धारका क्रममा सेनाले हालसम्म ४९९ पटक हवाई उडान गरेको छ । सोमबार मात्रै सेनाले ८८ र निजी क्षेत्रका हेलिकोप्टरले २९ वटा हवाई उडान गरेको प्राधिकरणले जनाएको छ। प्रभावित क्षेत्रमा खोज तथा उद्धारका लागि नेपाल प्रहरीका सात हजार ९०९, नेपाली सेनाका आठ हजार ८९६ र सशस्त्र प्रहरी बल नेपालका चार हजार २०३ गरी २१ हजार आठ जना सुरक्षाकर्मी परिचालन गरिएको छ । यसैबीच, बाढी प्रभावित नागरिकका लागि खाद्यान्न, गैरखाद्य सामग्री, औषधि तथा स्वास्थ्य सामग्री पठाउने कार्यलाई निरन्तरता दिइएको प्राधिकरणले जनाएको छ।

## बाढीपीडितका लागि गण्डकी सरकारको ४ करोड सहयोग, मृतक तथा बेपत्ता परिवारलाई एक लाख दिने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

भोटेकोशी तथा रसुवामा गएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, खोजी, उपचार तथा राहतका लागि गण्डकी प्रदेश सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा ४ करोड रुपैयाँ सहयोग गर्ने भएको छ।

सोमबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले बाढी तथा पहिरोबाट प्रभावित नागरिकको उद्धार र राहतमा सहयोग पुर्‍याउने गरी निर्णय गरेको सरकारका प्रवक्ता तथा आर्थिक मामिला मन्त्री जितबहादुर शेरचनले आज मन्त्रालयमा आयोजित पत्रकार सम्मेलन मार्फत जानकारी गराउनु भएको हो।

मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्दै मन्त्री शेरचनले गण्डकी प्रदेश सरकारले विपदमा परी ज्यान गुमाएका प्रदेशका नागरिकका परिवारलाई प्रतिमृतक एक लाख रुपैयाँ राहत उपलब्ध गराउने भएको जनाउनु भयो । त्यस्तै बेपत्ता भएका प्रदेशका नागरिकका परिवारलाई पनि एक लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरिएको उहाँले बताउनुभयो ।मृतक परिवारलाई काजकिरिया खर्चबापत थप २५ हजार रुपैयाँ उपलब्ध गराइनेछ भने बाढी तथा पहिरोमा परी घाइते भएका नागरिकको उपचारका लागि ५० हजार रुपैयाँसम्म प्रदेश सरकारले व्यहोर्ने मन्त्री शेरचनले जानकारी दिनुभयो। उहाँका अनुसार प्रदेश सरकारको आपत्कालीन उद्धार कोषमा हाल करिब ६ करोड रुपैयाँ बजेट रहेको छ।

विपद्को अवस्था हेरेर उक्त कोषबाट आवश्यक उद्धार तथा राहतका काममा खर्च गरिने उहाँले बताउनुभयो । "विपद्को यो अवस्थामा सबै एकजुट भएर प्रभावित नागरिकको उद्धार र राहतमा जुट्न आवश्यक छ। प्रदेश सरकार पनि आवश्यक स्रोत र साधनसहित नागरिकको साथमा छ," मन्त्री शेरचनले भन्नुभयो । रसुवा लगायतका प्रभावित क्षेत्रबाट उपचारका लागि हवाई मार्ग हुँदै पोखरा ल्याइएका बिरामीलाई उनीहरूको घरसम्म पुर्‍याउन प्रदेश सरकारले निःशुल्क यातायातको व्यवस्था गर्ने भएको छ। उपचारपछि घर फर्कनुपर्ने प्रभावित नागरिकलाई सहज रूपमा गन्तव्यसम्म पुर्‍याउने व्यवस्था प्रदेश सरकारले मिलाउने मन्त्री शेरचनले बताउनुभयो । त्यसै गरी अन्नपूर्ण गाउँपालिका क्षेत्रमा बाढी तथा पहिरोका कारण घान्द्रुक जाने सडकमा क्षति पुगेपछि सडक पुनर्निर्माणका लागि पनि प्रदेश सरकारले पहल थालेको छ । नेपाली सेनाको सहकार्यमा क्षतिग्रस्त सडक पुनर्निर्माण तथा मर्मतसम्भारका लागि आवश्यक तारजाली प्रदेश सरकारले उपलब्ध गराउने मन्त्री शेरचनले बताउनुभयो । अन्य स्थानीय तहसँग समेत समन्वय गरी नेपाली सेनामार्फत सडक मर्मत तथा पुनःस्थापनाको काम अघि बढाइने उहाँको भनाइ छ । "आवश्यक पर्ने तारजाली प्रदेश सरकारले उपलब्ध गराउनेछ । नेपाली सेना र सम्बन्धित पालिकासँगको समन्वयमा सडक मर्मत तथा पुनर्निर्माणको काम अघि बढाइनेछ," उहाँले भन्नुभयो । प्रारम्भिक रुपमा हाल केही काम सुरु भएको मन्त्रालयले जनाएको छ । बाढी तथा पहिरोमा परी मृत्यु भएका र पोखरा ल्याइएका शवको व्यवस्थापनमा पनि प्रदेश सरकारले आवश्यक सहजीकरण गर्ने भएको छ । चितवनमा गरिएको व्यवस्थापनको अभ्यासलाई समेत ध्यानमा राख्दै पोखरा ल्याइएका शवको पहिचान, व्यवस्थापन तथा सम्बन्धित परिवारसम्म पुर्‍याउने कार्यमा आवश्यक समन्वय गरिने मन्त्री शेरचनले बताउनुभयो।

यसैबीच गण्डकी प्रदेशसभाका सदस्यहरूले पनि बाढी तथा पहिरोपीडितका लागि एक हप्ताको तलब बराबरको रकम राहतस्वरूप सहयोग गर्ने भएका छन्। प्रदेशका कर्मचारीका तर्फबाट राहत सहयोग गर्ने विषयमा भने पछि निर्णय गरिने मन्त्री शेरचनले जानकारी दिनुभयो । रसुवा, नुवाकोट, धादिङ, चितवन, नवलपुर लगायतका क्षेत्रमा आएको बाढीबाट गण्डकी प्रदेशका नागरिकसमेत प्रभावित भएका छन् । धार्मिक तथा अन्य यात्राका क्रममा ती क्षेत्रमा पुगेका केही नागरिक सम्पर्कविहीन रहेको जानकारी आएपछि उनीहरूको खोजी तथा उद्धारका लागि समेत प्रदेश सरकारले सम्बन्धित निकायसँग समन्वय गरिरहेको जनाएको छ । गण्डकी सरकारले विपद्को यस कठिन घडीमा प्रभावित नागरिकको उद्धार, उपचार, राहत तथा पुनःस्थापनाका लागि आवश्यक पर्ने थप सहयोग उपलब्ध गराउने जनाएको छ।

## भोटेकोशी बाढीपीडितका लागि पोखराका सङ्घसंस्था र व्यवसायीको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनाका लागि पोखराका विभिन्न सङ्घसंस्था, व्यावसायिक प्रतिष्ठान तथा व्यक्तिले सहयोग रकम जुटाउन थालेका छन्।

यहाँका विभिन्न सङ्घसंस्था, व्यवसायी तथा व्यक्तिले आफ्नोतर्फबाट सहयोग घोषणा तथा प्रदान गर्न थालेका हुन्।

नेलम्बो नेपालले आइतबार प्रभावितहरुका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु पाँच लाख ५५ हजार ५५५ जम्मा गरेको छ । यसैगरी, गण्डकी प्रज्ञा प्रतिष्ठानले कोषमा रु दुई लाख १६ हजार १५० सहयोग गर्ने निर्णय गरेको छ। प्रतिष्ठानका सदस्य-सचिव मनकुमार श्रेष्ठका अनुसार प्रतिष्ठानको तर्फबाट रु एक लाख तथा प्राज्ञहरूबाट रु एक लाख १६ हजार १५० सङ्कलन गरी कोषमा जम्मा गरिनेछ । यहाँस्थित स्क्वायर्स मोटर्सले विपद् प्रभावितहरुका लागि रु तीन लाख पाँच हजार ५५५ कोषमा जम्मा गरेको छ। इन्द्रेणी एकीकृत विकास केन्द्र, पोखरा-१ ले भोटेकोशी बाढी प्रभावितका लागि रु एक लाख सहयोग गरेको छ। पोखरा उद्योग वाणिज्य सङ्घले पनि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ७५ हजार सहयोग गर्ने निर्णय गरेको छ । पोखराका व्यवसायी तथा सिटीजन फर्निचरले उद्धार कोषमा रु एक लाख ११ हजार १११ सहयोग गरेको छ। भूतपूर्व खेलाडी मञ्च नेपालले पनि बाढी प्रभावितका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ५० हजार सहयोग गर्ने जनाएको छ।

## भोटेकोशी बाढीः गोरखामा थप सात शव व्यवस्थापन

**पोखरापत्र संवाददाता**
गोरखा, १५ भदौं

भोटेकोशी बाढीका कारण मृत्यु भई रसुवा, नुवाकोटलगायत क्षेत्रबाट त्रिशूली नदीले बगाएर गोरखाका नदी क्षेत्रमा फेला परेका थप सात शव सोमबारव्यवस्थापन गरिएको छ।

गोरखास्थित गण्डकी गाउँपालिका र सहिदलखन गाउँपालिकाको क्षेत्रभित्र फेला परेकामध्य तत्काल पहिचान हुन नसक्ने थप सात शव आज अस्थायी रूपमा व्यवस्थापन गरिएको प्रहरीले जनाएको छ।

गोरखामा शनिबारदेखि शव व्यवस्थापन गर्न सुरु गरिएको हो। पहिचान गर्न सकिने सग्लो शव पोखरा पठाउने गरिएको जनाउँदै पहिचान गर्न समस्या हुने किसिमका शवलाई लुदीखोला घाटमा व्यवस्थापन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो।

भोटेकोशी बाढीले रसुवालगायत क्षेत्रबाट बगाएर ल्याएका र पहिचान गर्न नसकिने अवस्थाका, सडेगलेका सात वटा शव प्रदेश अस्पताल गोरखामा पोष्टमार्टम गरी 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम व्यवस्थापन गरिएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ।

# लामाचौर तीज महोत्सव स्थगित, राहत कोषमा १ लाख ११ हजार १ सय ११ सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

देश विनाशकारी बाढीको चपेटामा परेका बेला नव आदर्श सामुदायिक विकास समाज लामाचौरले आफ्नो २८औं संस्करणको लामाचौर तीज महोत्सव २०८३ तथा लामाचौर कप खुला पुरुष भलिबल र अन्तरमावि छात्रा भलिबल प्रतियोगितालाई स्थगित गरेको छ।

साथै समाजले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ लाख ११ हजार १ सय ११ सहयोग गर्ने निर्णय गरेको समाजका अध्यक्ष ई.दिनेश भण्डारीले बताउनु भयो । भाद्र १० गते भोटेकोशी तथा त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट रसुवा, धादिङ, नुवाकोटलगायत देशका विभिन्न जिल्लामा ठूलो जनधनको क्षति भएपछि मुलुक शोकमा रहेको भन्दै संस्थाले निर्धारित सबै कार्यक्रम स्थगित गर्ने निर्णय गरेको उहाँले जनाउनु भयो । मौलिक संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले लामाचौरमा हरेक वर्ष तीज महोत्सव आयोजना गर्दै आएको संस्थाले यस वर्ष आफ्नो गौरवमय ३०औं वार्षिकोत्सव समारोहअन्तर्गत तीज महोत्सव, लामाचौर कप खुला पुरुष भलिबल प्रतियोगिता, अन्तरमावि छात्रा भलिबल प्रतियोगितालगायत विविध सांस्कृतिक कार्यक्रम गर्ने तयारी गरेको थियो। तर, प्राकृतिक विपत्तिले ठूलो मानवीय तथा भौतिक क्षति पुर्‍याएपछि देश नै शोकमा रहेको अवस्थामा उत्सव मनाउनु उपयुक्त नहुने निष्कर्षसहित कार्यक्रम स्थगित गरिएको अध्यक्ष भण्डारीले जानकारी दिनुभयो। संस्थाका अनुसार महोत्सव सञ्चालनका लागि हालसम्म संकलन भएको केही रकम र तीज महोत्सव अक्षयकोषबाट प्राप्त ब्याज रकमसमेत जोडेर एकमुष्ट रु। १ लाख ११ हजार १ सय ११ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनेछ।

अध्यक्ष भण्डारीले विपत्तिका बेला गरिएको सहयोग रकम ठूलो नभए पनि देशलाई दुःख परेको समयमा पीडित नागरिकप्रति ऐक्यबद्धता र सद्भाव प्रकट गर्ने संस्थाको सानो प्रयास भएको बताउनुभयो। बाढीपीडितको उद्धार तथा राहतमा अहोरात्र खटिएका सुरक्षा निकाय, स्थानीय बासिन्दा तथा स्वयंसेवकहरूप्रति संस्थाले उच्च सम्मानसमेत व्यक्त गरेको छ। नव आदर्श सामुदायिक विकास समाजले मौलिक संस्कृतिको संरक्षणसँगै सामाजिक तथा मानवीय सेवाका क्षेत्रमा विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ। संस्थाले आगामी दिनमा पनि समुदाय, शुभेच्छुक तथा सहयोगीहरूको साथ र सद्भावबाट सामाजिक तथा मानवीय कार्यलाई निरन्तरता दिने संस्थाकी सचिव शोभा बानियाँले बताउनु भयो।

# बाढी प्रभावितको उद्धार तथा राहतका लागि गण्डकी रेन्वो ट्राउट फार्मद्वारा ५ लाख २० हजार ५०५ रुपैयाँ सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

रसुवाको भोटेकोशी तथा आसपासका क्षेत्रमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, खोजी, उपचार तथा राहतका लागि कास्की माछापुच्छे गाउँपालिका-सार्दीखोलामा रहेको गण्डकी रेन्वो ट्राउट फार्म एवं सञ्चालकद्वय अमृत गुरुङ र लक्षिन गुरुङले ५ लाख २० हजार ५०५ रुपैयाँ सहयोग गरेका छन्।

फार्मले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत ५ लाख ५ हजार रुपैयाँ तथा फार्ममा कार्यरत कर्मचारीहरूले १५ हजार ५०५ रुपैयाँ गरी कुल ५ लाख २० हजार ५०५ रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेका हुन्। भदौ १० गते रसुवागढीलगायत विभिन्न जिल्लामा आएको विनाशकारी प्राकृतिक विपद्मा परी ज्यान गुमाउने नेपाली तथा विदेशी नागरिकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै फार्मले पीडित परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ। साथै, बाढी तथा पहिरोबाट प्रभावित नागरिकको उद्धार, खोजी, उपचार र राहतमा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त रकम प्रदान गरिएको फार्म संचालक मध्य एक अमृत गुरुङले बताए। गण्डकी रेन्वो ट्राउट फार्मका सञ्चालक मध्य अर्को लक्षिन गुरुङले देश दुःखमा परेको समयमा राज्यले अघि बढाएको राहत तथा उद्धार अभियानमा आफ्नो तर्फबाट सकेको सहयोग गरिएको बताए। "देशलाई दुःख परेको बेला राज्यको अभियानमा साथ दिनु र पीडित नागरिकको घाउमा मलम लगाउनु हामी सबैको दायित्व हो। हाम्रो सहयोग सानो भए पनि विपद्मा परेका परिवारका लागि केही राहत पुग्ने विश्वास गरेका छौं," सञ्चालकद्वय गुरुङले भने।

उनीहरूले विपद्को समयमा सबै नेपाली एकजुट भएर प्रभावित नागरिकको साथमा उभिनुपर्नेमा जोड दिएका छन्। देशमा परेको दुःखलाई साझा दुःखका रूपमा लिएर उद्धार, राहत तथा पुनःस्थापनाका लागि सबैले आफ्नो क्षमता र सामर्थ्यअनुसार सहयोग गर्नुपर्ने उनीहरूको भनाइ छ।

"यो विपद्को बेला हामी सबै नेपाली एक हुनुपर्छ। हाम्रो देशमा परेको दुःखमा सबै नेपालीले साथ र सहयोग गर्नुपर्छ," उनीहरूले भने। बाढी तथा पहिरोका कारण ठूलो जनधनको क्षति भइरहेको अवस्थामा निजी क्षेत्र, व्यवसायी तथा विभिन्न संघसंस्थाबाट राहत तथा उद्धारका लागि सहयोग जुट्ने क्रम बढिरहेको छ। गण्डकी रेन्वो ट्राउट फार्मको यो सहयोगले व्यवसायसँगै सामाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्ने सन्देशसमेत दिएको स्थानियले बताए।


नेपाल सरकार
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा विरुवा गाउँपालिका वडा नं. ०४ निवासी भारतीय भु.पू. सनैनिक नं. 5449210M का नायक श्री प्रेम बहादुर थापाको शेष पछिको पारिवारिक पेन्सन सुविधा हकवाला एक मात्र श्रीमती तारा थापाको नाममा दिलाउनको लागि तपसिल बमोजिम पारिवारिक विवरण सहित सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. ११० मिति २०८३/०५/०८ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि सिफारिस गरिन्छ।

| क्र.सं. | नामथर | नाता | जन्ममिति | विवाह मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रेम बहादुर थापा | पेन्सनर | २०१९/०१/१० | २०४१/०७/२६ | |
| २ | तारा थापा | श्रीमती | २०२१/०७/१९ | २०४१/०७/२६ | |
| ३ | सुर्य बहादुर थापा | छोरा | २०४८/०८/१२ | २०८०/०१/१८ | |
| ४ | तुल बहादुर थापा | छोरा | २०५०/११/११ | अविवाहित | |

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा अर्जुनचौपारी गाउँपालिका वडा नं. ०३ निवासी भारतीय ५/१ GR भु.पू. सनैनिक नं. JC 176138W का H/CAPT लाल बहादुर गुरुङको तपसिल बमोजिम पारिवारिक विवरण सहित सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. ७० मिति २०८३/०५/०५ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि सिफारिस गरिन्छ।

| क्र.सं. | नामथर | नाता | जन्ममिति | विवाह मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | लाल बहादुर गुरुङ | पेन्सनर | २०१०/०१/०३ | २०२९/११/१० | जिवित |
| २ | देवीमाया गुरुङ | श्रीमती | २०१५/०२/१६ | २०२९/११/१० | जिवित |
| ३ | मिलन गुरुङ | छोरा | २०३५/०२/१९ | २०५९/१०/२३ | जिवित |
| ४ | मायादेवी गुरुङ | छोरी | २०३८/०७/१५ | २०५७/०३/०१ | जिवित |

**प्रमुख जिल्ला अधिकारी**


# बी.पी मार्गका आमाहरुले तीजको खर्च दैवी प्रकोप उद्धार कोषमा




**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

तीज भन्नासाथ रातो सारी, मिठा परिकार, नाचगान र रमाइलोको झल्को आउँछ। तर, पोखरा-१३ का केही आमाहरुले यसपटक तीजको खुसीलाई सामाजिक उत्तरदायित्व सम्झेका छन्।

देशमा आइपरेको विपद्को पीडामा मलम लगाउने उद्देश्यले उनीहरूले तीजका लागि जुटाएको रकम उद्धार कोषमा जम्मा गरेका छन्। पोखरा महानगरपालिका-१३, बी.पी. मार्ग 'ख' आमा समूहले तीज मनाउनका लागि संकलन गरेको एक लाख पाँच हजार पाँच रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सोमवार जम्मा गरेको हुन्। विपद्को कठिन घडीमा चाडपर्वको रमझमभन्दा मानवीय धर्म ठूलो हुने महसुस गर्दै समूहले तीजका लागि छुट्याएको रकम पीडितको सहयोगमा खर्च गर्ने निर्णय गरेका हुन्। वीपी मार्ग ख आमा समूहकी अध्यक्ष सीता कोइरालाले विपद्को समयमा पीडितको साथमा उभिन पाउनु नै आफूहरूका लागि सबैभन्दा ठूलो खुसी भएको बताइन। "तीजको रमाइलो एक दिनको हुन्छ, तर हाम्रो सानो सहयोगले कसैको दुःखमा आशाको दीप बाल्न सक्छ," भन्ने भावनाका साथ रकम कोषमा जम्मा गरिएको अध्यक्ष कोइरालाले भनिन्।

अध्यक्ष कोइरालाले विपद्को समयमा सबैले आफ्नो ठाउँबाट सक्दो सहयोग गर्न अनुरोध गरिन्। आमाहरुले देखाएको यो कदमले तीजको रंगलाई अझ गाढा बनाएको छ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला मादी गाउँपालिका वडा नं. ०३ (साविक थुमाकोडाँडा गाविस वडा नं.०५) निवासी भारतीय भु.पु.सै.नं.१४०२२३६X का नायक मिन बहादुर गुरुङको माग निवेदन अनुसार निजको श्रीमती यानी गुरुङसेनीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर यानी गुरुङसेनी र जन्ममिति वि.सं.२०१०।१२।०४ (ई.सं.१९५४-०३-१७) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर यानी गुरुङसिनी र जन्ममिति वि.सं. २०११।०९।१४ (ई.सं.१९५४-१२-२९) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि मादी गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. ७७ मिति २०८३।०५।०९ को सिफारिस पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ।


**जिल्ला प्रशासन कार्यालय, कास्की**

## सदस्यलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**चौथो पटक प्रकाशित मिति २०८३/०५/१६**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज एवं हर्जना ब्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा मिति २०८०/१२/१३ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्बन्धी ३५(पैंतिस) दिने सार्वजनिक सूचना, मिति २०८१/०१/२८ गते समाधान राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने, मिति २०८१/०२/१४ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने बारे ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत संस्थालाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम चुक्ता गर्न नआउनु भएकोले मिति २०८१/०५/०५ गते अचल सम्पति धितो लिलाम बढाबढ गर्ने बारे ३५(पैंतिस) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा पुन मिति २०८१/०६/१५ गते अचल सम्पति धितो लिलाम बढाबढ गर्ने बारे १५ (पन्ध्र) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा हालसम्म पनि उक्त ऋण तिर्न नआउनु भएकोले पुनः चौथो पटक ऋण चुक्ता गर्ने सम्बन्धी ७ (सात) दिने यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम चुक्ता गर्न गराउँन हुन ऋणी सदस्य, ऋणको धितो सुरक्षण लेखाइदिनु हुने धन जमानी कर्ताहरुलाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तपाईले ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम विक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई ऋण असुली हुन नसकेमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले पनि नियमित किस्ता तिर्न यसै सूचना द्धारा जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण |
|---|---|---|---|
|  | सदस्यता नं. : १५५३<br>१. **नाम** : **लालकाजी गुरुङ**<br>जन्म मिति : २०३२।०१।१५<br>ना.प्र.नं. : १४२०<br>जारी मिति : २०४९।०७।३० कास्की<br>बाबु / पत्नी : पदम बहादुर गुरुङ<br>दिपा गुरुङ<br>बाजे/ससुरा : मनिराज गुरुङ<br>ठेगानाः : रुपाकोट ०९ कास्की<br>हाल : पोखरा १४ कास्की<br>सम्पर्क नं : ९८०६५८५५६५ | <br><br> | १. **नाम** : **दिपा गुरुङ**<br>जन्म मिति : २०४५/११/२८<br>ना.प्र.न. : ४६१००१११३३६<br>जारी मिति : २०६७।०२।०२ कास्की<br>बाबुः। पति : ओम बहादुर गुरुङ<br>लालकाजी गुरुङ<br>बाजे/ससुरा : पदम बहादुर गुरुङ<br>ठेगाना : रुपाकोट ०९ कास्की<br>हाल : पोखरा १४ कास्की<br>सम्पर्क नं : ९८०६७७१३७८<br>२. **नाम** : **सिता गुरुङ**<br>जन्म मिति : २०२२।०७।०२<br>नागरिकता न. :४६०१७३००६३४<br>जारी मिति :२०७३।०१।२१ कास्की<br>बाबुको नाम :<br>पतिको नाम : ओम बहादुर गुरुङ<br>बाजेको नाम : हर्क बहादुर गुरुङ<br>स्थायी ठेगाना : साबिक पोखरा १८कास्की<br>हालको ठेगाना : पोखरा १४ कास्की<br>३. **नाम** : **सुनिल मगर**<br>ना.प्र.न : ४६१००२।१२४१<br>जन्म मिति : २०४८।१२।१५<br>जारी मिति : २०६५।०३।३० कास्की<br>बाबुः : लाल बहादुर मगर<br>बाजे : पदम बहादुर मगर<br>ठेगानाः : साविक लेखनाथ १ कास्की<br>हाल : पोखरा २९ कास्की<br>सम्पर्क न : ९८५६०६६१०७ |

**धितो विवरण : श्री लाल काजी गुरुङको नाममा रहेको कास्की जिल्ला साबिक रुपाकोट वडा न. ०३ स्थित कित्ता नं. ७१०८,७१०६,७१०४ क्षेत्रफल.०-०-१-१, ४-६-१-०, २-१-२-१**

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फेड डे

## सम्पादकीय

# अन्तर्राष्ट्रिय क्षेत्रको सहयोग

भोटेकोशी बाढीको विपद्पछि नेपाल सरकारले खोजी, उद्धार तथा राहत र पुनःस्थापनाका लागि उपलब्ध सबै स्रोतसाधन तथा प्रयास परिचालन गरेको छ । साथै सरकारले जारी खोजी, उद्धार तथापुनःस्थापनाको लागि विभिन्न मुलुकबाट नेपाललाई उद्धार तथा राहत सहयोग आउनेक्रम पनि बढेको छ । भोटेकोशी बाढीसम्बन्धी परराष्ट्र मन्त्रालयले सोमबार आयोजना गरेको प्रेस ब्रिफिङमा हाल भारतबाट ११ जना र चीनबाट ९ जना सम्मिलित सुरुङ उद्धारसम्बन्धी विशेषज्ञ टोली नेपाली अधिकारीसँगको समन्वयमा क्रमशः मेलुङ (चिलिमे) र स्याफ्रुबेसी, तथा माथिल्लो त्रिशूली थ्री ए क्षेत्रमा परिचालित रहेका छन । त्यस्तै, कोरिया गणतन्त्रबाट पनि एउटा टोली परिचालन गरिएको छ । यसैगरी, शव व्यवस्थापनका लागि एयरटाइट ब्याग पनि प्राप्त गरिसकेको मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्री पौडेलले जानकारी दिएका छन । उनका अनुसार थप सामग्री पनि उपलब्ध हुँदैछ । डीएनए विश्लेषणमा विशेषज्ञता हासिल गरेका भारतका १८ जना फरेन्सिक विशेषज्ञको टोली २९ अगस्टदेखि यहाँ रहेका छन् । सिङ्गापुरबाट 'डिजास्टर भिक्टिम आइडेन्टिफिकेसन टिम' परिचालन गर्नका लागि समन्वय भइरहेको छ ।

भूकम्पको बेला जस्तैः यस पटक अन्तर्राष्ट्रियस्तरमा चासो र चिन्ता बढेको छ । नेपाललाई सहयोग गर्न प्रारम्भिक चरणमा जुन सहयोग भएको छ त्यो नेपालप्रतिको माया हो । परराष्ट मन्त्रालयका प्रवक्ताअनुसार भारत, चीन, जापान, संयुक्त राज्य अमेरिका, संयुक्त अरब इमिरेट्स, कोरिया गणतन्त्र तथा अन्य देश र साझेदारबाट यसअघि नै उद्धार सहयोग प्राप्त भइसकेको छ । यसअन्तर्गत पुलका एकाइ, फ्रिजर, जेनेरेटर सेट, सौर्य बत्ती, डीएनए परीक्षण किट, पुलका एकाइ, आपत्कालीन राहत उपकरणहरूका साथै पाल, कम्बल, स्लीपिङ ब्याग, खाद्य प्याकेट, औषधिलगायतका सामग्रीहरू रहेका मन्त्रालयले जनाएको छ । नेपालले संयुक्त राज्य अमेरिकाबाट फ्रिजर, डीएनए परीक्षण किट तथा लाइडरजस्ता आवश्यक गैर-खाद्य सामग्री र सेवाका लागि थप अनुरोध गरेको छ । बेलीब्रिज (जसमध्ये केही प्राप्त भइसकेका छन्) तथा उच्च क्षमताका ड्रोन (चीन र सिङ्गापुरबाट)जस्ता विशेष सामग्री तथा सेवाका लागि पनि अनुरोध गरिएको छ । यस्ता विशेष सामग्री जापान र कोरिया गणतन्त्रबाट पनि छिट्टै प्राप्त हुने अपेक्षा गरिएको छानेपाललाई उपकरण र विशेषज्ञको खाचो छ । विश्वभरका मित्र तथा साझेदारबाट आर्थिक सहयोगका प्रतिबद्धता पनि प्राप्त भएका छन् । बाढीबाट क्षति व्यापक भएको र हाल प्रारम्भिक आवश्यकता मूल्यांकन भइरहेको छ । पुनःस्थापना तथा पुनःनिर्माणका लागि वास्तविक तथ्यांक प्राप्त गर्न विपद्पछिको आवश्यकता मूल्यांकन सञ्चालन गरिने परराष्ट्र मन्त्रालयले उल्लेख गरेको छ । बाढीबाट घरहरू, सडक सञ्जाल, पुल तथा जलविद्युत् सुविधाजस्ता महत्वपूर्ण पूर्वाधारमा क्षति पुगेको छ । यो विगत वर्षको बाढी पहिरोले पुऱ्याएको क्षति भन्दा धेरै हो ।

भोटेकोशी नदीमा आएको बाढी सामान्य प्रकृतिको नभएको विज्ञहरूले वताउँदै आएका छन । हिमालय क्षेत्रमा हिउँ तथा चट्टानको हिमपहिरोबाट सिर्जित यो क्षेत्रकै ठूलो विपद्मध्ये एक हो भन्नेमा विज्ञको मत छ । "यस घटनाले हिमालय क्षेत्रमा जलवायु परिवर्तनसँगै हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको संकेत गरेको छ । त्यसैले यो क्षेत्र सतर्क हुनैपर्छ । सँगसँगै नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष जलवायु परिवर्तनका कारण भोग्नुपरेको विपद्को विषयलाई बलियो रूपमा उठान गर्नुपर्ने समय आएको छ। अघिल्ला सरकार प्रमुख र राष्ट्र प्रमुखले अन्तर ाष्ट्रिय फोरममा उठाएका मुद्दा हुन । सरकारले दह्रोसंग उठाउँदा दयाको होइन अधिकारको मुद्दा स्थापित हुनेछ । पुनस्थापना र पुनः निर्माणका लागि श्रोत सुनिश्चित हुनेछ ।

# विपद्का बेला राज्यको अभियानमा साथ दिँदै टुरिजम कलेज, पालिखे नेतृत्व ३ संस्थाबाट ६ लाख ६६ हजार सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

देशमा परेको प्राकृतिक विपद्का बेला राज्यले सञ्चालन गरिरहेको राहत तथा उद्धार अभियानमा साथ दिँदै पोखरास्थित नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज, छिनेडाँडाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २ लाख २२ हजार २ सय २२ रुपैयाँ सहयोग गरेको छ ।

देशका विभिन्न क्षेत्रमा बाढीपहिरोलगायत प्राकृतिक विपद्का कारण ठूलो जनधनको क्षति भइरहेका बेला विपद् प्रभावित नागरिकको राहत तथा उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले कलेजले उक्त रकम प्रदान गरेको कलेजका अध्यक्ष अशोक पालिखेले बताउनु भयो । विपद्को यस कठिन घडीमा पीडित तथा प्रभावित नागरिकको साथमा उभिनु सबैको सामाजिक दायित्व भएको बताउँदै कलेजको तर्फबाट राहत तथा उद्धार अभियानमा सहयोग गरिएको उहाँले उल्लेख गर्नु भयो । उहाँले कलेजले शैक्षिक गतिविधिसँगै सामाजिक उत्तरदायित्वलाई पनि प्राथमिकतामा राख्दै आएको उल्लेख गर्दै विपद्का बेला राज्यले सञ्चालन गरिरहेको राहत तथा उद्धार अभियानलाई निजी क्षेत्र तथा शैक्षिक संस्थाहरूले समेत आफ्नो क्षमताअनुसार सहयोग गर्नुपर्ने बताउनुभयो । "देश अप्ठ्यारो अवस्थामा रहेका बेला पीडित नागरिकको दुःखमा साथ दिनु हाम्रो सामाजिक उत्तरदायित्व हो । सहयोग रकम सानो-ठूलोभन्दा पनि विपद्का बेला एकजुट भएर पीडितको साथमा उभिनु महत्वपूर्ण हुन्छ," अध्यक्ष पालिखेले भन्नुभयो। कलेजले प्राकृतिक विपद्बाट प्रभावित नागरिकको तत्कालीन राहतसँगै खोजी, उद्धार, उपचार तथा पुनःस्थापनाका लागि राज्यका सम्बन्धित निकायबाट भइरहेका प्रयासमा आफ्नो सहयोगले केही भए पनि टेवा पुग्ने विश्वास व्यक्त गरेको छ। नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेजले पर्यटन तथा आतिथ्य व्यवस्थापन शिक्षाका क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्दै आएको कलेजका प्रिन्सिपल प्रकाश रेग्मीले बताउनु भयो । यसैबीच, पोखरास्थित कुमुदिनी होम्सले पनि विपद् प्रभावित नागरिकको राहत तथा उद्धारका लागि १ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग गरेको छ। संस्थापक अध्यक्ष अशोक पालिखेका अनुसार विद्यालयको सामाजिक उत्तरदायित्वअन्तर्गत राज्यको राहत तथा उद्धार अभियानमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम प्रदान गरिएको उल्लेख गर्नुभयो । त्यसैगरी, फिस्टेल हस्पिटल एण्ड रिसर्च सेन्टरले यसअघि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३ लाख ३३ हजार ३ सय ३३ रुपैयाँ सहयोग गरिसकेको छ। पालिखे नेतृत्वमा रहेका ३ वटा संस्थाबाट कुल ६ लाख ६६ हजार ६ सय ६६ रुपैयाँ सहयोग भएको छ ।

# तनहुँमा भेटिएका शव जङ्गलमा व्यवस्थापन गरिँदै

**पोखरापत्र संवाददाता**
दमौली, १५ भदौं

देवघाटस्थित त्रिशुली नदीमा फेला परेका शवको व्यवस्थापन व्यास नगरपालिका-५ स्थित चैनपुर जङ्गल क्षेत्रमा गरिने भएको छ ।

भोटेकोशी बाढीका कारण ज्यान गुमाएका तथा हालसम्म पहिचान हुन नसकेका शवहरूको भविष्यमा समेत पहिचान गर्न सकिने गरी जङ्गलमा व्यवस्थापन गर्न लागिएको हो । तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले शव व्यवस्थापनअघि कानुनी तथा वैज्ञानिक प्रक्रिया पुरा गरिसकिएको जानकारी दिनुभयो । उहाँले शव पहिचानका लागि डीएनए नमुना सङ्कलनदेखि आवश्यक प्रक्रिया पूरा गरेपछि मात्र शव व्यवस्थापन गरिने बताउनुभयो । तनहुँ क्षेत्रमा ३७ शव भेटिएकामा २४ शव पोखरा पठाइएको छ भने १४ शव प्रदेश अस्पताल दमौलीमा राखिएको छ । आवश्यक विवरण र नमुना सुरक्षित राखिने प्रशासनले जनाएको छ । शव व्यवस्थापन कार्य संवेदनशील भएकाले स्वास्थ्य, सुरक्षा तथा स्थानीय प्रशासनको समन्वयमा आवश्यक मापदण्ड पूरा गरी काम अघि बढाइएको छ ।


# विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि नदिपुरसम्म जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

नामः नारायण बहादुर बानिया

विमा लेख नं. १३००३१३४९

ठेगानाः पोखरा–१०, बुद्धचोक

सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा

फोनः ९८४६०५७३४७



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः वि.स. २००७/१०/०५

स्वर्गारोहणः वि.स. २०८३/०५/०५ गते

**स्वः सन्त कुमारी गुरुङ**

पुरानो गाउँ आर्वा विजय डिही गाउँ वडा नं. ०७ निवासी हाल पोखरा–१२ माछापुच्छ्रे टोल बस्ने ससुरा स्व. जित बहादुर गुरुङ, सासु स्व. धन कुमारी गुरुङको बुहारी, पति ना. सु. स्व. इन्द्र बहादुर गुरुङको धर्मपत्नि **सन्त कुमारी गुरुङको** GMC हस्पिटलमा उपचारको क्रममा ७६ वर्षको उमेरमा भएको दुखद निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको पितृकार्य (अर्घौ) को पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै, शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति भगवान बुद्ध, आचिवैं माँ आचिवैं खे, तथा कुल पितृले प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

ना. सु. खडक बहादुर गुरुङ
अध्यक्ष तथा
**मिलिजुली विजयपुर तमु समाज**
जयगंगा मार्ग, पोखरा-१३



# दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको सुचना

कास्की जिल्ला मादी गाउँपालिका वडा नं. ०३ (साविक थुमाकोडाँडा गाविस वडा नं. ०२) निवासी भारतीय सेनाका भु.पु. सैनिक नं. ५८४४७१३ F का हवल्दार एकदेव रानाभाटको माग निवेदन अनुसार निजको तपसिल बमोजिमका परिवारहरुको नेपाली नागरिकता प्रमाणपत्र र भारतिय पेन्सन अभिलेखमा नामथर र जन्ममिति फरक भएतापनि व्यक्तिहरु एउटै भएको व्यहोरा अनुरोध छ भनी मादी गाउँपालिका वडा नं. ०३ वडा कार्यालयको च.नं. ७२ मिति २०८३/०५/०९ को सिफारिस पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | नागरिकतामा नामथर | नाता | नागरिकतामा जन्ममिति | सैनिक अभिलेखमा नामथर | सैनिक अभिलेखमा ई.सं. जन्ममिति | कै. |
|---|---|---|---|---|---|---|
| १ | एकदेव रानाभाट | पेन्सनर | २०१७/०६/२९ | EKA DEO CHHETRI | १९६०/०९/०४ | |
| २ | देवका रानाभाट | श्रीमती | २०२९/११/१० | DEOKA CHHETRI | १९७१/०३/१० | |
| ३ | विमला रानाभाट राईभाट | छोरी | २०४९/०६/११ | BIMLA CHHETRI | १९८९/०९/२३ | |
| ४ | विवेक रानाभाट | छोरा | २०५०/०१/०२ | MAN BAHADUR CHHETRI | १९९१/०७/०२ | |
| ५ | विक्रम रानाभाट | छोरा | २०५२/१२/०९ | BIKRAM CHHETRI | १९९६/०३/२२ | |


एकदेव रानाभाट


देवका रानाभाट


विमला राईभाट रानाभाट


विवेक रानाभाट


विक्रम रानाभाट

जिल्ला प्रशासन कार्यालय
कास्की



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः वि.स. १९८९/०१/३०

स्वर्गारोहणः वि.स. २०८३/०५/०४ गते

**स्वः डिल बहादुर थापा**

श्री जनकल्याण समितिका आजिवन सदस्य कुल बहादुर थापाका पिता तथा यस समितिका कोषाध्यक्ष लेख बहादुर थापाका हजुरबुबा **डिल बहादुर थापा** को ९५ वर्षको उमेरमा असामयीक निधन भएकोमा, उहाँको आत्माको चिरशान्ति एवम् बैकुण्ठबासको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली ब्यक्त गर्दै सम्पूर्ण परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनि सिद्धकालिका मातासँग प्रार्थना गर्दछौं । ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं ।

शान्ति देवी के.सी. पौडेल
महासचिव

एवम्

शिव बहादुर के.सी.
अध्यक्ष

**श्री जनकल्याण समिति परिवार**
पोखरा महानगरपालिका-१३, बाँझापाटन



# एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. १ साविक दुदिलाभाटी गा.वि.स. वडा नं. ५ निवासी भारतीय भु.पु.सै.नं. १३६८२८८४ Y नायक डिल वहादुर थापाको नेपाली नागरिकता प्रमाणपत्रमा डम्मर बहादुर भण्डारीको एक मात्र श्रीमती गंगा कुमारीको नेपाली नागरिकतामा जन्ममिति २०१७/०७/२५ भएको र श्रीमानको पेन्सन डकुमेन्टमा जन्ममिति सन १५ अक्टोबर १९६६ उल्लेख भइ जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको भनि गलकोट नगरपालिका, १ नं. वडा कार्यालय, बागलुङको च.नं. ९२, मिति २०८३/०५/०४ को सिफारिस पत्रवाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ



# एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ बस्ने भारतीय भू.पू. सैनिक नं. JC २०५४६५ N H/CAPT 4 PARA का अमर बहादुर थापाको श्रीमती नैनकली कार्की भन्ने नैनाकलीको नेपाली नागरिकता प्रमाणपत्र नं. ४२६९ जारी मिति २०४४/१२/०७ मा नाम थर नैनकली कार्की भन्ने नैनाकली र जन्ममिति बि.स.२०१२/०५/१० (इ.स.१९५५ अगष्ट २६ ) उल्लेख भएको र श्रीमानको पेन्सन रेकर्डमा श्रीमतीको नामथर नैना कली र जन्ममिति वि.स. २०१४/०६/२७ (इ.स. १९५७अक्टोबर १३) उल्लेख भइ फरक परेतापनि उल्लेखित दुइ नाम थर नैनकली कार्की भन्ने नैनाकली र नैना कली तथा दुइ जन्ममिति वि.स. २०१२/०५/१० (इ.स. १९५५ अगष्ट २६) र बि.स. २०१४/०६/२७ (इ.स.१९५७ अक्टोबर १३) भएको व्यक्ति फरक नभइ एउटै व्यक्ति भएको भनि काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, रेश, बागलुङको च.नं. १५७, मिति २०८३/०५/०८ को पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा गल्याङ नगरपालिका वडा नं ०८ निवासी भारतीय भू.पू. सैनिक नं 5036921 A 4/1 GR का सिपाही उजर सिं थापाको र श्रीमतीको ना.प्र.मा र सैनिक अभिलेखमा तपशिल वमोजिमको नामथर र जन्म मिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं १०८ मिति २०८३/०४/२७ को पत्रबाट लेखी आएको व्यहोरा अनुरोध गरिन्छ।

| क्र.स. | ना.प्र.मा नामथर | सैनिक अभिलेखमा नामथर | नाता | ना.प्र.मा जन्म मिति वि.सं. | सैनिक अभिलेखमा जन्म मिति ई.सं. |
|---|---|---|---|---|---|
| १ | उज्जर सि सारु | उजर सिं थापा | पेन्सनर | २०३७/०२/१२ मा वर्ष ३७ को | १९-०७-१९४७ वि.सं. २००४/०४/०४ |
| २ | अम्बी कला सारु | ओम्बी | श्रीमती | | |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
पर्वत, कुश्मा

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा पर्वत जिल्ला मोदी गाउँपालिका वडा नं. ५ बस्ने भारतीय भु.पु.सैनिक नं. ५८४७८४९w हवल्दार राजेश बहादुर शाहीको श्रीमती विष्णुकुमारी अधिकारी शाहीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर विष्णुकुमारी अधिकारी शाही, जन्म मिति वि.सं. २०३०/१०/०३ (1974-01-16 AD) उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर BISHNU KUMARI SHAHI, जन्म मिति 20-03-1976 AD उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर, जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर जन्म मिति भएको व्यक्ती एउटै भएको भनी मोदी गाउँपालिका ५ नं. वडा कार्यालय पर्वतको च.नं. १४३, मिति २०८३/०५/०८ को सिफारिस पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ ।

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ८ निवासी भारतीय भु.पु.नं. JC629187X का क्याप्टेन राम बहादुर क्षेत्रीको नेपाली ना.प्र.प. मा नाम थर राम बहादुर घर्ती क्षेत्री, जन्म मिति वि.सं. २०१३/११/०१ (AD 1957 FEB 12) भएको र भारतीय पेन्सन डकुमेन्टमा नाम थर Ram Bahadur Chhetri, जन्म मिति 15-02-1956 AD भई फरक परेको र पत्नीको नेपाली ना.प्र.प. मा नाम थर नुन कुमारी घर्ती, जन्म मिति वि.सं. २०१४/०४/०५ भएको र भारतीय पेन्सन डकुमेन्टमा पत्नीको नाम थर Nona maya, जन्म मिति 17-07-1959 AD भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएका व्यक्तिहरु फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका ८ नं. वडा कार्यालय, बागलुङको च.नं. ६०, मिति २०८३/०४/२६ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २९निवासी भारतीय भु.पु.सै.नं. जेसी ६१७१४८M, ३/५ जि.आर. का सुवेदार हस्तविर पुनको माग निवेदन अनुसार निजको श्रीमती गौमती पुनको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर गौमती पुन र जन्ममिति वि.सं. २०११।१०।१२ उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर गुमती पुन र जन्ममिति ई.सं. १९५४।०५।०५ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति र नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २९ नं. वडा कार्यालयको च.नं. ५०९ मिति २०८३।०५।१० को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# कर्जा चुक्ता गर्न आउने बारे १५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८३/०५/१६ गते (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस सहकारी संस्थाका तपशिल उल्लेखित शेयरसदस्यहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघेकाले कर्जा रकम बुझाउने सम्बन्धमा यस सहकारी संस्थाले बारम्बार तरताकेता, मौखिक भेटघाट तथा पत्राचार गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा र व्याज तथा संस्थाले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा मिति २०८३/०१/१८ गते पोखरापत्र राष्ट्रिय दैतिकमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीले बुझाउनु पर्ने रकम नबुझाएको हुँदा पुनः यो १५ दिने सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४ तथा प्रचलित ऐन नियम विनियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरि यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै ऋण लिदा धन जमानी दिने व्यक्तिहरुलाई समेत यसै सूचनाबाट जानकारी गराउदछौं।

### तपसिल

| क.स | ऋणीको विवरण | फोटो | धितोको बिबरण | धनजमानीको बिबरण | फोटो |
|---|---|---|---|---|---|
| १ | ऋणीको नाम : पबित्रा परियार<br>ना.प्र.नं. : ४६३०२६/११७,कास्की<br>पतिको नाम : तुल बहादुर दमै<br>ससुराको नाम : केश बहादुर दमै<br>स्थायी ठेगाना :आर्बा बिजय-८, कास्की |  | श्री पबित्रा परियार को नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको पो.म.न.पा.१६,कास्कीको कि.नं. ४२१ क्षेत्रफल ५७.०० व.मि. र कि.नं. ४२३ क्षेत्रफल ९८.२६ व.मि. जग्गा | १. नाम : तुल बहादुर दमै<br>ना.प्र.नं. : ७१९, कास्की<br>स्थायी ठेगाना : आर्बा गा.बि.स.-०८, कास्की<br>बुबाको नामः केश बहादुर दमै<br>बाजेको नाम : जंग बहादुर दमै<br>२. नाम : भेषराज आचार्य<br>ना.प्र.नं. : ७४२२७, कास्की<br>स्थायी ठेगाना : अर्मला ०३, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा. १६, कास्की<br>बुबाको नाम : बलराम आचार्य<br>बाजेको नाम : मोतिलाल |  |
| २. | ऋणीको नाम : पदमिनि वि.क.<br>ना.प्र.नं. : ५४८३११६१<br>स्थायी ठेगाना : थासाङ गा.पा.-५, मुस्ताङ्ग<br>पतिको नाम : शंखल बि.क.<br>बाबुको नाम : लाल बहादुर बि.क.<br>ससुराको नाम : इन्द्र बहादुर बि.क. |  | पदमीनी बि.क. का नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको - अर्मला २, कास्की मा रहेको कि.नं.८५८, क्षेत्रफल ०-१०-३-० (३४१.७५ ब.मी) को जग्गा | १. नाम : रशिला सुनार<br>ना.प्र.नं. : १००३/१८२३६<br>स्थायी ठेगाना : पिप्ले ४, म्याग्दी<br>पतिको नाम : शुक बहादुर बि.क.<br>बाजेको नामः रमेश बि.क. |  |
| ३. | ऋणीको नाम : जमुना दमै<br>ना.प्र.नं. : ४६३००२/९९५ कास्की<br>स्थायी ठेगाना : पुम्दि भुम्दि -२६ कास्की<br>पतिको नाम : हरि कुमार दमै<br>बाबुको नाम : दधिराम दमै |  | जमुना दमै का नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको-लुकुमस्वांरा ८ पदेली वार्ड नं. ६, हाल पो.म.न.पा. २६, कास्की मा रहेको कि.नं. ७०९, क्षेत्रफल ०-१०-१-० को जग्गा | १. नाम : कबिता परियार<br>ना.प्र.नं. : ४६३००६/२५०<br>स्थायी ठेगाना : पो.म.न.पा. २५, कास्की<br>पतिको नाम : सन्तोष परियार<br>बाबुको नामः हरि कुमार दमै<br>ससुराको नाम : सन्त बहादुर दमै<br>२. नाम : सन्तोष परियार<br>ना.प्र.नं. : १६२२५७<br>स्थायी ठेगाना : पुम्दि भुम्दि -६, कास्की<br>बाबुको नाम : सन्त बहादुर दमै<br>३. नाम : सुरज परियार<br>ना.प्र.नं. : १४००३०<br>स्थायी ठेगाना : पो.म.न.पा.-२५, कास्की<br>बाबुको नाम : सन्त बहादुर दमै<br>बाजेको नाम : अमर सिंह परियार | <br><br> |
| ४. | ऋणीको नाम : रामजी बस्ताकोटी<br>ना.प्र.नं. : १५३९०७<br>स्थायी ठेगाना : कास्कीकोट ०८, कास्की,,<br>हाल पो.म.न.पा.-२४, कास्की<br>बाबुको नाम : सालिकराम बस्ताकोटी<br>बाजेको नाम : टिकाराम बस्ताकोटी |  | रामजी बस्ताकोटी का नाउमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेका -कास्कीकोट-८ मा रहेको कि.नं.७९० क्षेत्रफल ०–१३–२–३ कि.नं.३०१४ क्षेत्रफल ०–४–२–३ कि.नं.३००४क्षेत्रफल ०–४–१–२ कि.नं.३०१० क्षेत्रफल ०–६–२–०का जग्गाहरु | १. नाम : रिता सुबेदी<br>ना.प्र.नं. : ४६–०१–७२–०००७४<br>स्थायी ठेगाना : साबिक कास्कीकोट ०१,<br>हाल कास्कीकोट-२४, कास्की<br>बाबुको नामः डिल्लीराम सुबेदी (चुवाई)<br>पतिको नाम : रामजी बस्ताकोटी<br>२. नाम : सालिकराम बस्ताकोटी<br>ना.प्र.नं. : १३८३०२<br>स्थायी ठेगाना : पो.म.न.पा.-२४, कास्की<br>बाबुको नामः टिकाराम बस्ताकोटी<br>बाजेको नाम : चन्द्रशोर बस्ताकोटी |  |
| ५. | ऋणीको नाम : रमेश पौडेल<br>ना.प्र.नं. : १३२४३८<br>स्थायी ठेगाना : ढिकुरपोखरी, ०७, कास्की<br>बुबाको नाम : रामेश्वर पौडेल<br>बाजेको नाम : प्रजापती पौडेल |  | रमेश पौडेलका नाउँमा मालपोत कार्यालय कास्की मा दर्ता कायम रहेको - कास्की ढिकुरपोखरी ०८, को कि.नं. २२७८, क्षेत्रफल २-६-०-३ (१२१४.१९ ब.मी.) जग्गा | १.नाम : सम्झना खनाल<br>ना.प्र.नं. : ३६१०३८/२१६६<br>स्थायी ठेगाना : सुनवल ०७, नवलपरासी<br>बाबुको नामः गंगा प्रसाद उपाध्याय<br>पतिको नाम : रमेश पौडेल |  |
| ६. | ऋणीको नाम : बिजन गोतामे<br>ना.प्र.नं. : ४९१००३/१८२३६<br>स्थायी ठेगाना कुन्जो गा.बि.स. ०७, मुस्ताङ्ग<br>बुबाको नाम : दिल बहादुर कामी<br>बाजेको नाम : ठुलो मन ब.कामी |  | बिजन गोतामेका नाउँमा मालपोत कार्यालय कास्की मा दर्ता कायम रहेको - कास्कीकोट १, कास्कीको कि.नं. २४४५,क्षेत्रफल १-६-३-२ ( ७२७.३१ ब.मी.) जग्गा | १. नाम : शुक बहादुर बि.क.<br>ना.प्र.नं. १९१११६३२ मुस्ताङ<br>स्थायी ठेगाना : घमि गा.वि.स.०३, मुस्ताङ<br>बसपार्क, कास्की<br>बाबुको नामः रमेश विश्वकर्मा<br>२. नाम : दिपक बि.क.<br>ना.प्र.नं. १/५४८३०९९७ मुस्ताङ<br>स्थायी ठेगाना : कुन्जो गा.बि.स. ०७, मुस्ताङ्ग<br>बाबुको नामः दिल बहादुर बि.क.<br>बाजेको नाम : ठुलो मन ब.कामी | <br> |
| ७. | ऋणीको नाम : मोहन प्रसाद अधिकारी<br>ना.प्र.नं. : ११९४०७, कास्की<br>स्थायी ठेगाना : माछापुच्छ्रे -०६, कास्की<br>बुबाको नामः डिल्लीराम अधिकारी<br>बाजेको नाम : बृहस्पती अधिकारी |  | ऋणी मोहन प्रसाद अधिकारी का नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको धिताल गा.बि.स. ८ मा रहेको कि.नं. १४३८, क्षेत्रफल १-४-०-० (६३५.९० ब.मी.), १४३४, क्षेत्रफल ०-६-३-२ (२१८.५७ ब.मी.), १४२३, क्षेत्रफल ०-१०-०-० (३१७.९० ब.मी.) को जग्गा | १.नाम : दिपा लामिछाने<br>ना.प्र.नं १००१/१७५१४, कास्की<br>स्थायी ठेगाना : पो.म.न.पा. १५, कास्की<br>बुबाको नाम : चन्द्र बहादुर थापा<br>पतिको नाम : मोहन प्रसाद अधिकारी<br>बाजेको नाम : श्रीलाल लामिछाने<br>२.नाम : नारायण प्रसाद अधिकारी<br>ना.प्र.नं. : ४५२२५<br>स्थायी ठेगाना : पो.म.न.पा. ०६<br>बुबाको नाम : भिम प्रसाद अधिकारी<br>बाजेको नाम : त्रिलोचन अधिकारी<br>३. नाम : साबित्रा पहारी<br>ना.प्र.नं. : ४६३०२०/१४७<br>स्थायी ठेगाना : पो.म.न.पा. ०५<br>पतिको नाम : बिष्णु पहारी<br>बुबाको नाम : डिल्लीराम अधिकारी<br>बाजेको नाम : केशव पहारी | <br><br> |

**उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**Upakar Saving and Credit Co-operative Ltd.**
**पोखरा म.न.पा.-६, नारेश्वर, बसन्त बैठक, कास्की, फोन नं. ०६१-४५१३९२, ४५४६६३**